'थाहा नगर विकासको आधार शिक्षा, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या:
चलानी नम्बर:

मिति:-२०८१/०९/२४
ने.सं. ११४५ पोहेलाथ्वँ

---

**विषय :- करार शिक्षक नियुक्ति प्रयोजनार्थ विषय विज्ञ सूचीकृत हुन चाहने उम्मेद्वारहरुको लागि दरखास्त आह्वानको सूचना।**

प्रस्तुत विषयमा यस थाहा नगरपालिका स्थित सार्वजनिक विद्यालयहरूमा रिक्त हुने सबै प्रकारका दरबन्दी, राहत, अनुदान कोटा करारमा पदपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित तह र श्रेणीमा कम्तिमा ५ वर्ष अनुभव प्राप्त गरेका कार्यरत तथा सेवा निवृत शिक्षकहरुबाट तपसिल बमोजिमको कागजात तथा दस्तुर सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस न.पा.ले तोकेको दरखास्त फाराम भरी बुझाउनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१) सूचना नं. : ०१ / ०८१/०८२

२) पद: विषयविज्ञ क) प्रा.शि. - सबै विषय ख) नि.मा.शि.- सम्बन्धित विषय ग) मा.शि. –सम्बन्धित विषय घ) मा.शि.द्वि.-सम्बन्धित विषय

३) शैक्षिक योग्यता:-

क) सि. नं. २ 'क' को लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्तिमा प्राथमिक तृतीय श्रेणीमा स्थायी भई सम्बन्धित तहमा ५ वर्षको अनुभव प्राप्त वा वा सेवा निवृत भएको शिक्षक

ख) सि. नं. २ 'ख' को लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा निम्न माध्यमिक तृतीय श्रेणीमा स्थायी भई सम्बन्धित तहमा ५ वर्षको अनुभव प्राप्त वा वा सेवा निवृत भएको शिक्षक।

ग) सि. नं. २ 'ग' को लागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको तथा सम्बन्धित विषयमा कम्तिमा माध्यमिक तृतीय श्रेणीमा स्थायी भई सम्बन्धित तहमा ५ वर्षको अनुभव प्राप्त वा वा सेवा निवृत भएको शिक्षक।

घ) सि. नं. २ 'घ' को लागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको तथा सम्बन्धित विषयमा कम्तिमा माध्यमिक द्वितीय श्रेणीमा १ वर्षको अनुभव प्राप्त

४) आवश्यक कागजातहरु:-

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यता (स्नातक र सोभन्दा माथि) का प्रमाणपत्रका प्रतिलिपिहरु
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
घ) अस्थायी तथा स्थायी नियुक्ति / बढुवा पत्रका प्रतिलिपिहरु

५) दस्तुर :

क) प्रा.शि. (सबै विषय) को लागि रू. २०० (रु. दुई सय) मात्र।
ख) नि.मा.शि. (सम्बन्धित विषय) को लागि रू. ३०० (रु. तिन सय)
ग) मा.शि. (सम्बन्धित विषय) को लागि रू. ५०० (रु. पाँच सय)
घ) मा.शि. द्वि. (सम्बन्धित विषय) को लागि रू. ६०० (रु. छ सय)
( उपर्युक्त रकम यस न.पा.को राजश्व काउन्टरमा बुझाउन पर्ने। )

६) शैक्षिक योग्यता , तालिम र कार्य अनुभवको हकमा माथिल्लो तह वा श्रेणीको अनुभवलाई तल्लो तहको योग्यता तालिम र कार्य अनुभवमा गणना गरिनेछ र तल्लो तहमा सूचीकृत भएको मानिनेछ।

७) मा.शि.द्वितीय (उ.मा. अनुदान, प्राविधिक धारको मा.शि.द्वि. प्रशिक्षक, मा.शि.द्वि. शिक्षक र मा.शि.तृ. प्राविधिक विषयका शिक्षक) हरुको लागि विषय विज्ञ हुनको लागि स्थायी अध्यापन अनुमति पत्र र स्थायी सेवामा कार्यरत अनुभव आवश्यक पर्ने छैन्।

८) कुनै पनि उम्मेद्वारले दरखास्त दिँदा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मुख्य विषय वा निजको नियुक्ति पत्रमा उल्लिखित विषय बाहेक अन्य विषयमा विज्ञको रुपमा आवेदन दिन पाइने छैन तर सामाजिक शिक्षा र स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको हकमा भने जुनसुकै विषयको सम्बन्धित तहको योग्यता र अनुभव भएकाले दरखास्त दिन सक्नेछन्।

९) आवेदन फारामको लागि हाम्रो कार्यालयको web:www.thahamun.gov.np बाट डाउनलोड गर्न र थाहा न.पा.शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ।

नोट:- यस अघि २०७९।०९।०९ मा सूचीकृत भएका विषय विज्ञको हकमा नवीकरण गरिनेहुँदा फाराम भर्नु पर्ने छैन।

2081/03/28

माधवविक्रम मल्ल
प्रमुख, शिक्षा शा
अधिकृत (आठौं त



Scanned with CamScanner